# REGIONAL NEWS UNIT

# ALL INDIA RADIO GANGTOK

# NEPALI NEWS BULLETIN

**BROADCAST: 18:40 hrs　　　　Date: 21.08.2025**

---

***विश्व उद्यमी दिवस- मुख्यमन्त्री***

मुख्यमन्त्री प्रेम सिंह तामाङले आज चिन्तन भवनमा आयोजित विश्व उद्यमी दिवस 2025 समारोहमा भाग लिनुभयो । श्री तामाङले भन्नुभयो, युवा र नवोदित उद्यमीहरूलाई सशक्त बनाउन तयार पारिएका धेरै प्रभावकारी पहलहरू शुरू गरिएका छन्, जसमा SEED सेल, सिक्किम INSPIRES, र कुशल युवा स्टार्ट आप योजना समावेश छन् । उहाँले मुख्यमन्त्री युवा उद्यमशीलता विकास योजना प्रस्तुत गरेको भन्नुभयो जसले संभावना युक्त युवा उद्यमीहरूलाई 5 लाख रूपियाँ सम्मको आर्थिक सहयोग प्रदान गर्दछ ।

आफ्नो सम्बोधनमा, मुख्यमन्त्री तामाङले सिक्किमका युवाहरूलाई परम्परागत सरकारी जागिरहरूमा मात्र निर्भर हुनुको सट्टा जोखिम अंगाल्न, रच्नात्मकतालाई बढ़ावा दिन र आत्म- विश्वासका साथ एव रोजगार खोडन आग्रह गर्नुभयो।

---

***मुख्यमन्त्री- राष्ट्रीय स्वास्थ्य अभियान***

सिक्किमका मुख्यमन्त्री प्रेम सिंह तामाङ आज ताशिलिङ सचिवालयमा नौ नयाँ एम्बुलेन्सहरूलाई झण्डा देखाई उद्घाटन गरनुभयो । यो कार्यक्रम, स्वास्थ्य तथा परिवार कल्याण विभागले राजयभर आपातकालीन स्वास्थ्य सेवाहरूलाई अझ सुदृढ़ पार्न आयोजना गरेको थियो । एकीकृत 102/108 एम्बुलेन्स सेवाको एक भागको रूपमा राष्ट्रीय स्वास्थ्य अभियान अन्तर्गत जिल्ला अस्पतालहरूलाई नयाँ एम्बुलेन्सहरू प्रदान गरिएको हो । यी सेवाहरूले गर्भवती महिलाहरू, बिरामी नवजात शिशु र आधातका बिरामीहरूका लागि चौबीसै घण्टा रेफरल यातायात प्रदान गर्दछ ।

---

***मुख्यमन्त्री- टाइम क्यापसुल***

मुख्यमन्त्री प्रेम सिंह तामाङले आज बिहान टाशिलिङ सचिवालय परिसरभित्र रहेको रूस्तमर्ज डियर पार्कमा टाईम क्यापसुल 2025- 2075 लाई छाप लगाई, गाढ़ेर ऐतिहासिक पलको सिर्जना गर्नुभयो । श्री तामाङले यस परियोजनाको अवधारणा र यसलाई जीवन्त रूपमा ल्याउनका लागि, सूचना तथा जनसम्पर्क विभाग, IPR को प्रशन्सा गर्नुभयो । टाइम क्यापसुलमा योगदान पुऱ्याएकोमा मुख्यमन्त्रीले स्कूल, कँलेज र राज्य विभागहरूको सहभागिताको पनि प्रशन्सा गर्नुभयो । उहाँले भन्नुभयो, 2075 मा जब यो क्यापसुल खोलिन्छ, यसले भावी पुस्तालाई 2025 का जनता मूल्य मान्यता, जीवन र उपलब्धिहरूको झलक प्रदान गर्नेछ ।

प्रत्येक आधारभूत जीवन समर्धन, BLS एम्बुलेन्स- आवश्यक चिकित्सा उपकरण र जीवन बनाउने किटहरूले सुसज्जित छ साथै एक प्रशिक्षित चालक र पैरामैडिक द्वारा संचालित पनि छ ।

यस अवसरमा स्वास्थ्य तथा परिवार कल्याण र संस्कृति विभागका मन्त्री- जी टी ढुंगेल, स्वास्थ्य तथा परिवार कल्याण विभागका सचिव छेवाँग ग्याछो, विभागका अधिकारीहरू एवम कर्मचारीहरू उपस्थित थिए।

---

***त्रिवेणी राई- अन्तर्राष्ट्रीय फिल्म महोत्सव***

त्रिवेणी राईको पहिलो फीचर फिल्म शेप अँफ मोमो आधिकारिक रूपमा एशियाको सबैभन्दा ठूलो र प्रतिष्ठित फिल्म महोत्सव ( BIFF) 2025 को भिजन सेक्शनका लागि छनौट भएकोछ। दक्षिण कोरियाको बुसानमा वार्षिक रूपमा आयोजना हुने BIFF, साहसी नयाँ आवाजहरू पत्ता लगाउन र एशियाली सिनेमालाई विश्वसंग जोड़का लागि प्रसिद्ध। यसको Vision Section ले स्वतन्त्र एशियाली सिनेमाका आशाजनक कामहरूलाई प्रकाश पार्छ जसले उद्यीमान र मध्य- करियर निर्देशकहरूका साहसी र मौलिक कथाहरूको प्रदर्शन गर्दछ। यस छनौटले एशियाभरका केही सबैभन्दा रोमान्चक समकालीन फिल्महरू संगै शेप अफ मोमोलाई राख्छ। यो फिल्म San Sebastian अन्तर्राष्ट्रीय फिल्म महोत्सवमा पनि प्रदर्शित गरिनेछ जुन यसको अन्तर्राष्ट्रीय यात्रामा एक महत्वपूर्ण कदम हो।

त्रिबेणी राई भनिन्छन् -

---

***CBC, PIB गान्तोक- पाकिम***

केन्द्रिय संचार ठ्यूरो र पत्र सूचना कार्यालय, PIB गान्तोकले आज पाकिमको अहोपुल किसान स्थित सरकारी माध्यमिक विद्यालयमा विकसित भारत @ 2047 बारे एक आउटरीच कार्यक्रम गरे जसका विष्यवस्तुहरूमा ‘एक पेड़ माँ के नाम’ तथा ‘नशा मुक्त भारत’ शामेल थिए।

कार्यक्रममा पि आई बी र आकाशवाणी गान्तोकका अधिकारी एवं कर्मचारीहरू उपस्थीत थिए।

---